# ‘हरित, उत्थानशील र समावेशी विकासको नीति अवलम्बन’

काठमाडौं, जेठ ९

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले नेपाल सरकारले हरित, उत्थानशील र समावेशी विकासको रणनीतिक दृष्टिकोण अवलम्बन गरेको बताउनुभएको छ ।




इन्डोनेसियाको बालीमा आयोजित विश्व पुनर्निर्माण सम्मेलनको पाँचौं संस्करणलाई सम्बोधन गर्ने क्रममा प्रमुख पोखरेलले यस्तो बताउनुभएको हो । सम्मेलनको पहिलो दिन ‘विपद्‌बाट सामाजिक, पूर्वाधार तथा आर्थिक पुनर्स्थापनाः हरित एवं थप उत्थानशील भविष्यतर्फको विकासको मार्ग तय गर्ने अवसर’ विषयक सत्रमा बोल्दै कार्यकारी प्रमुख पोखरेलले भन्नुभयो, ‘नेपालले पुनर्निर्माणका क्रममा अपनाएको हरित, उत्थानशील र समावेशी अवधारणा अन्तर्राष्ट्रिय समुदायका लागि पनि अनुकरणीय हुनसक्छ । यसमा हामीले केही अध्ययन र अनुसन्धान पनि गरेका छौं । हामी यसतर्फ अन्तर्राष्ट्रिय समुदायसँग समन्वय र सहकार्य गर्न तयार छौं ।’ कार्यकारी प्रमुख पोखरेलले २०७२ वैशाखको भूकम्पबाट भत्किएका संरचनाहरुको सफलतापूर्वक पुनर्निर्माण गरिएको उल्लेख गर्दै यस्तो सफलताको आधार नागरिकको सहभागिता, उपभोक्ता समितिहरु मार्फत् काम एवं वातावरण अनुकूल रैथाने निर्माण सामग्रीहरुको प्रयोग पनि भएको उल्लेख गर्नुभयो ।

उक्त सत्रमा भारतको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका सदस्य सचिव कमल किशोरले पनि आफ्नो मन्तव्य राख्नुभएको थियो ।

पोखरेल र किशोरका मन्तव्यहरुमाथि घानाको विपद् व्यवस्थापन प्राधिकरणको जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण विभागका निर्देशक चार्लोट नर्मन, मोजाम्बिकको साइक्लोन पश्चातको पुनर्निर्माण परिषद्का कार्यकारी निर्देशक लुइस पाउलो म्याण्डलेट, क्यारेवियन विपद्

तथा आपतकालीन व्यवस्थापन एजेन्सीका कार्यकारी निर्देशक एलिजावेथ रिले लगायतले टिप्पणी गर्नुभएको थियो ।

सत्रको मुख्य उद्देश्य थप दिगो, समावेशी र उत्थानशील पुनर्स्थापनाका लागि चुनौती र अवसरहरु पहिचान गर्ने रहेको छ । त्यस्तै, सामाजिक, आर्थिक र पूर्वाधार पुनर्स्थापनालाई अझ उत्थानशील र दिगो बनाउने विविध तत्व र उपायहरुको खोजी गर्ने पनि छलफलको उद्देश्य रहेको आयोजकले जनाएको छ ।

जेठ ९ गतेदेखि शुरु भएको सम्मेलन जेठ १४ सम्म चल्नेछ ।